# देशको वर्तमान आर्थिक स्थिति

## *(आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा विस्तृत मुद्राप्रदाय ४.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय ६.९ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ३.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको तुलनामा समिक्षा अवधिमा आन्तरिक सम्पत्ति उच्च दरले बढेको भए पनि खुद वैदेशिक सम्पत्ति घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

२. संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ५.३ प्रतिशतले बढी रु.१३२ अर्ब ४१ करोड रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा १०.९ प्रतिशतले बढेको थियो । आवधिक निक्षेप अघिल्लो वर्ष ८.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.६ प्रतिशतले बढेको छ । माग निक्षेप भने अघिल्लो वर्ष ११.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ७.४ प्रतिशतले घटेको छ । निजी क्षेत्रतर्फको कर्जा वृद्धि उच्च रहेकोले माग निक्षेप अघिल्लो वर्षको तुलनामा कम दरले घटेको हो ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू.२० अर्ब ४९ करोड (९.३ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू.११ अर्ब ८६ करोड (६.९ प्रतिशत) ले बढेको थियो । व्यापार घाटामा विस्तार आएकोले खुद बैदेशिक सम्पत्ति घटेको हो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा आन्तरिक कर्जा ७.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा ६.५ प्रतिशतले बढेको थियो । नेपाल सरकारमाथिको दावी कम दरले घटेको र वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको दावी बढेकोले आन्तरिक कर्जामा विस्तार आएको हो ।

५. समीक्षा अवधिमा नेपाल सरकारमाथिको दावी रू.२ अर्ब १३ करोड (२.० प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी रू.५ अर्ब ५ करोड (५.८ प्रतिशत) ले घटेको थियो । अघिल्लो वर्ष भन्दा समीक्षा अवधिमा साधन परिचालनको तुलनामा खर्चको विस्तार उच्च रहेकोले नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष भन्दा कम दरले घटेको हो । समीक्षा अवधिमा नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट रू.३ अर्ब ३३ करोड अधिविकर्ष उपयोग गरेको छ ।

६. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको दावी ९.७ प्रतिशत अर्थात रू.४२ अर्ब ४७ करोडले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको दावी ९.४ प्रतिशत अर्थात रू.३२ अर्ब ६

करोडले बढेको थियो । वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जामा विस्तार आएकोले उक्त क्षेत्रतर्फको दावी बढेको हो ।

७. समीक्षा अवधिमा गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी २०.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको दावी ११.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको पेन्सन फण्ड तथा विमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी घटेको हो ।

८. अघिल्लो वर्ष गैर-वित्तीय सरकारी संस्थाहरुमाथिको दावी १४.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले घटेको छ । उक्त संस्थाहरूमध्ये नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल वायु सेवा निगम र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश भुक्तान गरेकोले उक्त क्षेत्रमाथिको दावी घटेको हो ।

## वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

९. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू.१९ अर्ब ८४ करोड (३.६ प्रतिशत) ले बढी २०६६ कार्तिक मसान्तमा रू.५६९ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल निक्षेप परिचालन रू.२७ अर्ब २४ करोड (६.५ प्रतिशत) ले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा १०.१ प्रतिशत (रु.४० अर्ब ९६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ९.२ प्रतिशत (रू.३० अर्ब २४ करोड) ले बढेको थियो ।

१०. निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा कमी आएको छ । अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा उक्त क्षेत्रतर्फको कर्जा ८.३ प्रतिशत (रू.६ अर्ब २५ करोड) ले बढेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशत (रू.३ अर्ब ६२ करोड) ले मात्र बढेको छ । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार र वित्त, विमा तथा स्थिर सम्पत्तितर्फको कर्जा क्रमश: १४.९ प्रतिशत (रू.१० अर्ब २८ करोड) र २१.८ प्रतिशत (रू.८ अर्ब ४७ करोड) ले बढेको छ । अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा ४.१ प्रतिशत (रू.२ अर्ब ८१ करोड) र ६.९ प्रतिशत (रू.५ अर्ब ७ करोड) ले बढेको थियो । त्यसैगरी, सेवा क्षेत्रतर्फको कर्जा अघिल्लो वर्ष ८.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १०.४ प्रतिशतले बढेको छ । रियल स्टेटतर्फको कर्जा वृद्धिदरमा कमी आएको भएपनि कर्जाको परिमाण भने सीमान्त उच्च रहेको छ । अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा उक्त क्षेत्रतर्फको कर्जा रू.५ अर्ब ५३ करोड रहेकोमा समीक्षा अवधिमा रू.५ अर्ब ५४ करोड रहेको छ ।

## वाणिज्य बैंकहरूको तरलताको स्थिति

११. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्ति उच्च दरले घटेको छ । अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा उक्त सम्पत्ति २.५ प्रतिशतले बढी रू.१५४ अर्ब ८८ करोड रहेकोमा समीक्षा अवधिमा १०.६ प्रतिशतले कमी आई रू.१६७ अर्ब ८२ करोड हुन आएको छ । तरल सम्पत्तिका अंशहरूमध्ये तरल कोष समीक्षा अवधिमा १९.५ प्रतिशतले घटेको छ । वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी आएकोले तरल कोष घटेको हो । त्यसैगरी, वाणिज्य बैंकहरूको विदेशी मौज्दात समीक्षा अवधिमा ९.९ प्रतिशतले

घटी रू.४८ अर्ब १३ करोड हुन आएको छ भने सरकारी ऋणपत्रमाथिको लगानी ३.९ प्रतिशतले बढेको छ । बचत परिचालनको तुलानामा कर्जा तथा लगानीको विस्तार उच्च रहेकोले पनि तरलतामा कमी आएको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कर्जा तथा लगानी ८.७ प्रतिशत (रू.४४ अर्ब ९९ करोड) ले बढेको छ । फलस्वरूप, कर्जा-निक्षेप अनुपात २०६६ असार मसान्तको ८१.२ प्रतिशतबाट बढेर ८५.८ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३४.१ प्रतिशतबाट घटेर २९.५ प्रतिशत कायम भएको छ ।

## तरलता व्यवस्थापन

१२. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा खुला बजार कारोवारअन्तर्गत बिक्री बोलकबोलमार्फत् रू.७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू.१ अर्ब गरी कुल रू.८ अर्ब ४४ करोड बराबरको तरलता प्रशोचन गरिएको छ । त्यसैगरी, पहिलो चार महिनासम्ममा कारोवारको आधारमा रिपो बोलकबोलमार्फत् रू.३ अर्बको तरलता प्रवाह भई रू.५ अर्ब ४४ करोडको खुद तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू.५ अर्ब ५० करोड र रिभर्स रिपो बोलकबोलबाट रू.५ अर्ब ५२ करोड गरी रू.११ अर्ब २ करोडको खुद तरलता प्रशोचन भएको थियो ।

१३. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३४ करोड ६५ लाख खुद खरिद गरी रू २६ अर्ब ५५ करोड बराबरको तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ५६ करोड ९६ लाख खुद खरिद भई रू ४२ अर्ब २० करोड बराबरको तरलता प्रवाह भएको थियो ।

१४. समीक्षा अवधिमा अमेरिकी डलर ७१ करोड बिक्री गरी भा. रू.३४ अर्ब ५ करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ४९ करोड बिक्री गरी भा.रू. २२ अर्ब ५३ करोड खरिद भएको थियो । भारतसंगको व्यापार घाटा वृद्धि भएकोले समीक्षा अवधिमा भा.रु खरिद बढेको हो ।

## अन्तर बैंक कारोवार तथा स्थायी तरलता सुविधाको उपयोग

१५. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू.९६ अर्ब ९ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू.१०५ अर्ब १४ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा रू.१७ अर्ब २८ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधाअन्तर्गत वाणिज्य बैंकहरूले कुल रू.३५ अर्ब ५३ करोड उपयोग गरेका थिए ।

## अल्पकालीन व्याजदर

१६. आर्थिक वर्ष २०६६/६७ को चौथो महिनामा ९१- दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ४.६७ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त व्याजदर ५.५५ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको चौथो महिनामा भारित औसत अन्तर-बैंक व्याजदर ५.३४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.२२ प्रतिशत कायम भएको छ ।

## धितोपत्र बजार

१७. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा २९.७ प्रतिशतले गिरावट आई २०६६ कार्त्तिक मसान्तमा ५६६.९४ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६५ कार्त्तिक मसान्तमा ८०६.९० थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६६ कार्त्तिक मसान्तमा १४१.९५ रहेको छ । यो सूचकाङ्क २०६५ कार्त्तिक मसान्तमा २१०.३१ रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधार मानी गणना गरिएको Nepse Float Index २०६६ कार्त्तिक मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २९.५ प्रतिशतले घट्न गई ५४.२० पुगेको छ ।

१८. २०६६ कार्त्तिक मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ३.२ प्रतिशतले घट्न गई रु.४ खर्ब १४ अर्ब ८६ करोड पुगेको छ । परिणामस्वरुप २०६६ कार्त्तिक मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३८.३ प्रतिशत पुगेको छ । २०६५ कार्त्तिक मसान्तमा यस्तो अनुपात ४४.७ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७३.९ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.९ प्रतिशत, होटलहरुको १.२ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.० प्रतिशत र अन्य क्षेत्रको १८.७ प्रतिशत अंश रहेको छ ।

१९. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ४४.७ प्रतिशत रही २०६६ कार्त्तिक मसान्तमा रु.६७ अर्ब ४७ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको कार्त्तिक मसान्तसम्ममा रु.२ अर्ब ९९ करोड बरावरको साधारण शेयर, रु.२८ करोड ८ लाख बराबरको बोनस शेयर, रु.२ अर्व ९३ करोड ३८ लाख बराबरको हकप्रद शेयर र रु.५ अर्ब ७५ करोड सरकारी ऋणपत्र गरी कूल रु.११ अर्ब ९५ करोड ४६ लाख बराबरको थप धितोपत्र सूचीकृत भएको छ ।

२०. २०६६ कात्तिक मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.२५ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६५ कार्त्तिक मसान्तमा ०.६१ प्रतिशत रहेको थियो ।

२१. नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्राप्त विवरण अनुसार २०६६ कार्त्तिक मसान्तमा सूचीकृत भएका कम्पनीहरुको संख्या १६३ रहेको छ । २०६५ कार्त्तिक मसान्तमा यो संख्या १४५ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १३२ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२२. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६५ कार्त्तिक मसान्तमा ११५.९ रहेकोमा २०६६ कार्त्तिक मसान्तमा ५१.७ पुगेको छ ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२३. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १४.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १६.४ प्रतिशतको उच्च दरले वृद्धि भएको भएता पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क २.२ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको भन्दा कम रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १७.० प्रतिशत र ११.७ प्रतिशत रहेको थियो ।

२४. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तु समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ५०.६ प्रतिशत वृद्धि भएको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा ३७.६ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ३८.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उपसमूहको सूचकाङ्कमा ०.९ प्रतिशतले ह्रास भएको थियो । साथै, समीक्षा अवधिमा दलहन र माछा, मासु तथा फुलको मूल्य सूचकाङ्क क्रमशः २९.५ प्रतिशत र २१.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको सूचकाङ्क क्रमशः २६.० प्रतिशत र २०.१ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा १९.१ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको सूचकाङ्क भने यस अवधिमा ८.१ प्रतिशतले मात्र वृद्धि भएको छ ।

२५. यसैगरी, समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये सूर्ती तथा सूर्तीजन्य वस्तुको सूचकाङ्कमा वार्षिक विन्दुगत मूल्यवृद्धि ११.६ प्रतिशत रहको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १५.१ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको यसै अवधिमा २२.० प्रतिशतले वृद्धि भएको यातायात तथा सञ्चार उपसमूहको मूल्य सूचकाङ्कमा भने ८.० प्रतिशतले ह्रास आएको छ ।

२६. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी तराईमा १०.७ प्रतिशतले सूचकाङ्कमा वृद्धि भएको छ भने पहाडमा १०.३ प्रतिशत तथा काठमाडौंमा ८.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः १३.३ प्रतिशत, १४.२ प्रतिशत र १६.८ प्रतिशत रहेको थियो ।

२७. समीक्षा अवधिमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १०.९ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १३.५ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

२८. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १८.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यसको वृद्धिदर ९.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. ३८.८ प्रतिशत र ८.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको

मूल्यमा क्रमश. २.७ प्रतिशत र १३.४ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो वर्षको यसै अवधिमा १७.५ प्रतिशतले वृद्धि भएको आयातीत वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ५.४ प्रतिशतले ह्रास आएको छ ।

२९. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेवालीको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सबैभन्दा बढी ११६.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा २३.३ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, समीक्षा अवधिमा मरमसला, पशुजन्य उत्पादन र तरकारी तथा फलफूलको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ३६.६ प्रतिशत, ३३.२ प्रतिशत र ३२.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरु मध्ये मरमसला र पशुजन्य उत्पादनको वार्षिक मूल्यवृद्धि क्रमशः ७.० प्रतिशत र २२.२ प्रतिशत रहेकोमा तरकारी तथा फलफूलको मूल्यमा भने ४.८ प्रतिशतले ह्रास आएको थियो ।

३०. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्ती सम्वन्धी वस्तुहरुको मूल्य १४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि १२.४ प्रतिशत रहेको थियो । साथै आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सूचकाङ्कमा १६.७ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा २५.० प्रतिशतले वृद्धि भएको थियो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३१. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क १०.० प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालदरमध्ये तलब सूचकाङ्क समीक्षा अवधिमा ३२.८ प्रतिशतले वृद्धि भएको छ । यस्तो सूचकाङ्कमा अघिल्लो वर्षको यसै अवधिमा भने कुनै परिवर्तन भएको थिएन । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १८.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क १३.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादरअन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २१.७ प्रतिशत, १६.५ प्रतिशत र ११.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः २०.२ प्रतिशत, २.५ प्रतिशत र १५.२ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति

### बजेट घाटा/बचत

३२. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ३ अर्व ४० करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु.१ अर्व २६ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा राजस्वको बृद्धिदर उच्च रहेको कारण अघिल्लो वर्षको तुलनामा सरकारको बजेट बचतमा वृद्धि आएको हो ।

## सरकारी खर्च

३३. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ३६.५ प्रतिशतले वृद्धि भई रु.५० अर्व ६१ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्चमा ७.३ प्रतिशतले वृद्धि भएको थियो । चालू तथा पूँजीगत दुवै खर्चमा वृद्धि भएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

३४. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ५०.६ प्रतिशतले बढी रु.३५ अर्व ८५ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्चमा २.५ प्रतिशतले कमी आएको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता वृद्धि लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो । त्यस्तै, पूँजीगत खर्चतर्फ समीक्षा अवधिमा ४६.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष सोही अवधिमा पूँजीगत खर्च १७.५ प्रतिशतले घटेको थियो ।

३५. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा साँवा भुक्तानी खर्चमा ५२.६ प्रतिशतले कमी आई रु.२ अर्व ६४ करोडमा झरेको छ । अघिल्लो बर्ष सोही अवधिमा साँवा भुक्तानी खर्च २६.७ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी राजस्व

३६. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ४१.६ प्रतिशतले वृद्धि भई रु.४६ अर्व ६९ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा राजस्व ३५.४ प्रतिशतले बढेको थियो । कर चुहावट नियन्त्रणमा सरकारको बलियो प्रतिवद्धता र राजस्व प्रशासनमा भएको सुधारका कारण राजस्व परिचालनमा उच्च वृद्धि देखिएको हो ।

३७. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा २९.९ प्रतिशतले वृद्धि आई रू. १५ अर्ब ६३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर ३१.२ प्रतिशत रहेको थियो ।

३८. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ४२.९ प्रतिशतले वृद्धि भई रू. १० अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २२.७ प्रतिशतले मात्र वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो ।

३९. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा ७३.७ प्रतिशतको उल्लेख्य वृद्धि भई रू. ७ अर्ब २१ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त राजस्व ३२.४ प्रतिशतले मात्र वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४०. समीक्षा अवधिमा सरकारको आयकर राजस्व ३७.१ प्रतिशतले वृद्धि भई रू. ५ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व २५.९ प्रतिशतले मात्र वृद्धि भएको थियो। आयकर प्रशासनमा गरिएका सुधारहरु लगायत अर्थतन्त्रको संस्थागत संस्कृतिमा सुधार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो ।

४१. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ६२.८ प्रतिशतले वृद्धि भई रु.५ अर्व ५३ करोड पुगेको छ। अघिल्लो वर्ष गैर-कर राजस्व ७३.९ प्रतिशतले घटेको थियो ।

### वैदेशिक नगद ऋण र अनुदान

४२. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु.१ अर्व ११ करोड र वैदेशिक नगद अनुदानवापत् रु.४ अर्व ८६ करोड प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.१ अर्व २० करोड र रु.३ अर्व ४४ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

४३. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा वाह्य क्षेत्रको स्थितिमा अपेक्षित सुधार आउन सकेन । समीक्षा अवधिमा कुल निर्यात २३.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३८.१ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष १६.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १९.१ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ८५.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३०.० प्रतिशतले ह्रास आएको छ ।

४४. भारततर्फ मुख्यतयाः तयारी पोशाक, जिंक सिट, जुत्ता तथा चप्पल, धागो तथा मार्वल स्ल्याबको निर्यात घटेको कारण त्यसतर्फको निर्यात घट्न गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी दाल, ऊनी गलैंचा, तयारी पोशाक, छाला तथा जडीबुटीजन्य वस्तुको निर्यातमा ह्रास आएको कारण त्यसतर्फको निर्यात घट्न गएको हो ।

४५. अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा ४१.१ प्रतिशतले वृद्धि भएको कुल आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा २७.८ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको २३.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २८.९ प्रतिशतले बढेको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ६८.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २६.६ प्रतिशतले वृद्धि भएको छ ।

४६. भारतबाट मुख्यतयाः सवारी साधन तथा पार्टपुर्जा, एम.एस. विलेट, एम. एस. वायर तथा रड, विद्युतीय उपकरण र अन्य मेशिनरी तथा पार्टपुर्जा एवं अन्य मुलुकबाट विशेषगरी सुन, कम्प्युटर तथा पार्टपुर्जा, औषधि उपकरण तथा औजार, हवाइ जहाजका पार्टपुर्जा तथा सञ्चार उपकरण तथा पार्टपुर्जाको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा कुल आयात बढेको हो ।

### शोधनान्तर

४७. आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. २० अर्व ४९ करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु. ११ अर्व ८६ करोडले शोधनान्तर बचतमा रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनासम्ममा चालू खाता पनि रु.१३ अर्ब ९४ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रु.८ अर्ब ३८ करोडले बचतमा रहेको थियो । खासगरी व्यापार घाटा ४८.९ प्रतिशतले बढेको कारण चालू खाता घाटामा रहन गएको हो । त्यस्तै, समीक्षा अवधिमा ट्रान्सफरअन्तर्गत अनुदान १०.२ प्रतिशतले घटेको छ भने विप्रेषण आप्रवाह अघिल्लो वर्षको ६५.९ प्रतिशतको उल्लेखनीय वृद्धिको तुलनामा केबल ६.६ प्रतिशतले मात्र बढेको छ ।

## विदेशी विनिमय सञ्चिति

४८. २०६६ कार्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा ११.१ प्रतिशतले घटी रु.२४८ अर्ब ८९ करोडमा सीमित रह्यो । २०६५ कार्तिक मसान्तमा यस्तो सञ्चिति ८.८ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा भने २०६६ असारदेखि कार्तिक मसान्तसम्ममा कुल सञ्चिति ६.२ प्रतिशतले घटी अमेरिकी डलर ३ अर्ब ३६ करोडमा सीमित रह्यो । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ५.३ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो चार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.५ महिनाको वस्तु आयात र ७.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४९. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६५ कार्तिक मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ५७.०४ रहेकोमा २०६६ कार्तिक मसान्तमा ३१.९ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ७५.२२ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६५ कार्तिक मसान्तको तुलनामा २०६६ कार्तिक मसान्तमा ४७.७ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ७४७.५० बाट अमेरिकी डलर ११०४.० पुगेको छ ।

५०. २०६६ असार मसान्तको तुलनामा २०६६ कार्तिक मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.४७ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.९६ प्रतिशतले अवमूल्यन भएको थियो । २०६६ कार्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.०० पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।